नेपाल कम्युनिष्ट पार्टी (नेकपा)
केन्द्रीय कार्यालय, काठमाडौं, नेपाल

५ असोज २०७५

# विशेष परिपत्र – ३

यही असोज ५ गते आयोजित नेपाल कम्युनिष्ट पार्टी (नेकपा), केन्द्रीय सचिवालयको तह्रौं बैठकमा पार्टीको प्रदेश, जिल्ला र सो मातहतको एकीकरणका सम्बन्धमा गम्भीरतापूर्वक छलफल भएको छ र बैठकले महत्वपूर्ण निर्णयहरु गरेको छ। बैठकका निर्णयहरु जानकारी एवं कार्यान्वयनका लागि यो विशेष परिपत्र - ३ जारी गरिएको छ :

१. पार्टीका प्रदेश र जिल्ला तह तथा जनवर्गीय संगठनहरुको केन्द्रीय तहमा एकीकरणका सम्बन्धमा सिफारिस प्रतिवेदन प्रस्तुत गर्ने कार्यदलहरुलाई धन्यवाद र हालसम्म पनि प्रतिवेदन नबुझाउने वा आंशिक रुपमा मात्र बुझाउने कार्यदलहरुलाई आलोचनासहित सबै कार्यदलहरु विघटन गरिएको छ।

२. निश्चित मापदण्ड र प्राप्त सिफारिस समेतका आधारमा प्रदेश कमिटीमा सदस्यहरु मनोनित गरिनेछ र कमिटीलाई पूर्णता प्रदान गरिनेछ। निम्नानुसारका प्रदेश कमिटीहरुमा निम्नानुसारका कमरेडहरु ईन्चार्ज, सह-ईन्चार्ज र अध्यक्ष, सचिवको जिम्मेवारीमा रहनुहुनेछ :

- **प्रदेश नं. १**
  - ईन्चार्ज - भीमप्रसाद आचार्य
  - सह-ईन्चार्ज - सावित्रीकुमार काफ्ले
  - अध्यक्ष - देवराज घिमिरे
  - सचिव - सुरेशकुमार राई (हिमाल)
- **प्रदेश नं. २**
  - ईन्चार्ज - सत्यनारायण मण्डल
  - सह-ईन्चार्ज - विश्वनाथ शाह
  - अध्यक्ष - प्रभु साह
  - सचिव - सुमन प्याकुरेल
- **प्रदेश नं. ३**
  - ईन्चार्ज - अष्टलक्ष्मी शाक्य
  - सह-ईन्चार्ज - हितबहादुर तामाङ



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

  - अध्यक्ष - नारायण दाहाल
  - सचिव - आनन्द पोखेल

- **प्रदेश नं. ४**
  - ईञ्चार्ज - पृथ्वीसुब्बा गुरुङ
  - सह-ईञ्चार्ज - खगराज अधिकारी
  - अध्यक्ष - हितराज पाण्डे
  - सचिव - गोविन्दबहादुर नेपाली

- **प्रदेश नं. ५**
  - ईञ्चार्ज - शंकर पोखेल
  - सह-ईञ्चार्ज - दलबहादुर राना
  - अध्यक्ष - ओनसरी घर्ती
  - सचिव - जगप्रसाद शर्मा

- **प्रदेश नं. ६**
  - ईञ्चार्ज - जनार्दन शर्मा
  - सह-ईञ्चार्ज - यामलाल कँडेल
  - अध्यक्ष - गोरखबहादुर बोगटी
  - सचिव - मायाप्रसाद शर्मा

- **प्रदेश नं. ७**
  - ईञ्चार्ज - भीमबहादुर रावल
  - सह-ईञ्चार्ज - लक्ष्मणदत्त जोशी
  - अध्यक्ष - कर्णबहादुर थापा
  - सचिव - नेपबहादुर चौधरी

३. प्रदेश कमिटीले पूर्णता नपाउँदासम्म हरेक प्रदेशका ईञ्चार्ज, सह-ईञ्चार्ज, अध्यक्ष र सचिव कमरेडहरुले निम्नानुसारका कार्यहरु गर्ने :

- प्रदेशका ईञ्चार्ज, सह-ईञ्चार्ज, अध्यक्ष र सचिव कमरेडहरुको बीचमा नियमित बैठक बस्ने । पार्टीको विधान, नियमावली र निर्देशनहरुको मार्गदर्शन तथा विगतको सिफारिस समेतका आधारमा जिल्ला तहमा एकीकरण सम्पन्न गर्न आवश्यक गृहकार्य गर्ने ।



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np

- सम्बन्धित तहका पूर्व कमिटी र तिनका पदाधिकारी तथा सदस्यहरुसँगको परामर्श र सुझाव समेतका आधारमा जिल्ला मातहतका सबै तहमा एकीकरण सम्पन्न गर्ने ।
- आफ्नो तह र मातहतका पार्टी कार्यालयहरुलाई एकीकृत गर्ने र नियमित एवं व्यवस्थित रुपमा सञ्चालन गर्ने ।
- आफ्नो तह र मातहतको पार्टी सम्पत्ति एकीकृत गर्ने, आम्दानी र खर्चको संस्थागत प्रणाली स्थापित गर्ने र लेखाप्रणालीलाई व्यवस्थित गर्ने ।
- पार्टी सदस्यता एकीकृत गर्ने, अभिलेख अद्यावधिक गर्ने र केन्द्रीय सचिवालयमा बुझाउने ।
- प्रदेश, जिल्ला र सो मातहतका विभिन्न तहमा कार्यकर्ता भेला तथा प्रशिक्षण कार्यक्रम आयोजना र सञ्चालन गर्ने ।
- प्रदेश सरकार र स्थानीय तहको कामलाई प्रभावकारी बनाउन आवश्यक सहयोग गर्ने । ती निकायहरुसँग समन्वय गर्दै विकास-निर्माण र जनसरोकारका रचनात्मक कार्यमा समग्र पार्टीशक्तिलाई परिचालित गर्ने ।
- उपरोक्त बमोजिम कार्यसम्पादन गर्दा नीतिगत वा व्यवहारिक रुपमा कुनै कठिनाई उत्पन्न भएमा केन्द्रीय सचिवालयमा सम्पर्क गर्ने ।

४. पार्टी केन्द्रबाट यथासक्य चाँडो प्रदेश कमिटीका सदस्यहरु र जिल्ला कमिटीका पदाधिकारी तथा सदस्यहरुका सम्बन्धमा पूर्वनिर्धारित मापदण्डका साथै थप मापदण्डहरु पठाईनेछ ।

**कमरेडहरु,**

उपरोक्त निर्देशन कार्यान्वयन गर्दै प्रदेश तथा स्थानीय तहको पार्टी कामलाई प्रभावकारी रुपमा अघि बढाउन महत्वपूर्ण भूमिकाको अपेक्षा गरिएको छ ।

क्रान्तिकारी अभिवादनसहित,

| | |
|---|---|
| **केपी शर्मा ओली** | **पुष्पकमदल दाहाल प्रचण्ड** |
| **अध्यक्ष** | **अध्यक्ष** |
| **केन्द्रीय कमिटी** | **केन्द्रीय कमिटी** |



• धुम्बाराही: फोन: +९७७ १ ४३७८०५५, ४३७८०९०, फ्याक्स: +९७७ १ ४०१५९८० • पेरिसडाँडा: फोन: +९७७ १ ४६०२२९०, ४६०२२८८, फ्याक्स: +९७७ १ ४६०२२८९
पोष्टबक्स नं. ५४७१, ईमेल : info@ncp.org.np, वेबपेज: www.ncp.org.np